जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३० २०८२ साल भदौ ६ गते शुक्रबार (22 Aug 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अटिजमलाई हेर्ने नजर... ३ पृष्ठमा : नेपालमा पहिलोपटक महिला ... ३ पृष्ठमा : जयशंकरद्वारा रूसी ...

# लालपुर्जाका लागि संघर्षरत नगरवासी पीडित समितीद्वारा आन्दोलन सुरु




**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

लालपूर्जा पाउनु पर्ने माग राखेर आन्दोलन गर्दै आएका राजविराज नगरवासी पीडित संघर्ष समितीले बिहीबार चौथो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको छ ।

यसअघि तीन चरणको आन्दोलन गरिसकेका संघर्ष समितिले राजविराजस्थित गजेन्द्र चौकमा पत्रकार सम्मेलन गरी आन्दोलको कार्यक्रमबारे जानकारी दिएका हुन् ।

पत्रकार सम्मेलनमा संघर्ष समितीका संयोजक इरसाद अन्सारीले नगरबासीले राखेको माग पुरा गराउन थप दबाव दिने उद्देश्यले चौथो चरणको आन्दोलन घोषणा गरिएको बताए ।

उनले भदौ ७ गते शनिबार लाठी जुलुश र खबरदारीसभा, भदौ ९ गते सोमवार सिट्टी जुलुश, भदौ ११ गते बुधवार राजविराज नगरपालिका कार्यालयमा २ घण्टा धर्ना, भदौ १४ गते शनीबार मशाल जुलुश र भदौ १५ गते आईतवार राजविराज बजार बन्द तथा राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी गर्ने कार्यक्रम रहेको जानकारी दिए ।

यसअघि तीन चरणको आन्दोलनको क्रममा स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुख र सरोकारवाला निकायका प्रमुखको उपस्थितीमा गत फागुन १८ गते भएको सहमती कार्यान्बयनमा ढिलाई भएको भन्दै नगरवासीको तर्फबाट गठित संर्घष समितिले चौथो चरणको आन्दोलन गर्न बाध्य भएको संयोजक अन्सारीको भनाई छ ।

पत्रकार सम्मेलनमा पुर्वमन्त्री एवं राजविराज नगरपालिकाका पुर्व मेयर अनिस अन्सारीले यस क्षेत्रबाट निर्वाचित जनप्रतिनीधी समेतले ब्लक र बिटौरी जग्गाका लालपुर्जा उपलब्ध गराउन चासो नदेखाएको आरोप लगाउँदै राणा सरकारको पालामा नगरवासी संग पैसा लिएर बसाइएको शहर राजविराजमा पञ्चायती व्यवस्थामा समेत नगरवासीले सहजता पुर्वक उपभोग र कारोवार गर्न पाएको सुबिधा अहिले खोसिदा गणतन्त्रकै उपहास भएको बताए ।

राजबिराज नगरपालिकाका पुर्व मेयर जगरनाथ दासले कोशी नदीको कटानबाट बिस्थापित भएकाहरुलाई राजबिराजमा ल्याएर पैसा लिएर बसोबासको व्यबस्था मिलाइएको भएपनि अहिले सम्म जग्गाको लालपुर्जा नदिनुको पछाडी नगरपालिका कै जिम्मेवार जनप्रतिनीधीको कमजोरी रहेको जिकीर गरे ।

आन्दोलन परिचालन उपसमितीका संयोजक एवं वार्ता टोलीका सदस्य दिपेन्द्र चौधरीले जनता सित पैसा लिएर पनि जग्गाको लालपुर्जा नदिनु जनता प्रति कै बेइमानी भएको भन्दै आक्रोश ब्यक्त गरे ।

पत्रकार सम्मेलनमा प्रदेश सांसद अनिरुद्ध प्रसाद सिह यादव, जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिवनारायण साह, जसपा सप्तरीका अध्यक्ष सत्यनारायण यादव, जनमत पार्टीका नगर अध्यक्ष प्रकाश चौधरी लगायतले पनि बोल्दै संघर्ष समितिले उठाएका माग प्रति एक्यबद्धता ब्यक्त गर्दै संघर्ष समितीले घोषणा गरेको आन्दोलन कार्यक्रम सफल बनाउन आ आफनो स्तरबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँ रहेका ५ हजार २ सय परिवार वर्षौ देखी लालपूर्जा पाउन सकेका छैनन । मालपोत कार्यालयबाट विगत ८ वर्ष देखी रोक्का प्रकृया तथा राजविराज नगरपालिका कार्यालयबाट नक्शापास लगायतका कार्य बन्द भएपछी स्थानीय समस्यामा परेको संघर्ष समितिले जनाएको छ ।

संघर्ष समितीले नगरका बिटौरी र ब्लक जग्गामा पुस्तौ देखी बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवारलाई लालपूर्जा प्रदान गरिनु पर्ने, राजविराज वसर्पाकको संचालन, सीमानाका क्षेत्रमा विषादी परिक्षणका लागी क्वारेन्टाईनको व्यवस्था, लामो समयदेखी बन्द रहेको छोटी भन्सार कार्यालयहरुको संचालन, लामखुट्टे नियन्त्रणका लागी औषधी छर्कने व्यवस्था, हटियामा निर्माणाधिन कप्लेक्सको अविलम्ब निर्माण कार्य सकाएर व्यापारीलाई हस्तान्तरण लगायतका ८ बुंदे माग अघि सारेका छन ।

झण्डै ६५ वर्ष देखी संघर्षरत बिटौरी र ब्लक जग्गामा वसोवास गर्दै आएका राजविराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवार अझै लालपूर्जा पाउने आस लगाइरहेका छन् ।

## धान गोड्ने क्रममा महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित खेतमा बारीमा धान गोड्ने क्रममा एक महिलाको बेहोस भएर लड्दा मृत्यु भएको छ ।

सो पालिका वडा नं. ६ बबनगामा बस्ने ६५ वर्षिया पवनदेबी यादव आफ्नै खेत बारीमा धान गोड्ने क्रममा अचानक लडेर बेहोस भएकी थिइन् । उनलाई

***बाँकी अन्तिम पृष्ठमा***

## मापसे गरी दुई पक्षबीच कुटपिट, पाँच घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तरीको बिष्णुपुर गाउँपालिकामा मादक पदार्थ सेवन गरि दुई टोलका बासिन्दाबीच झगडा पश्चात् कुटपिट हुँदा पाँच जना घाइते भएका छन् ।

सो पालिका वडा नं. ६ स्थित सरदार टोल र सदा टोलका स्थानीयहरु बिच मादक पदार्थ सेवन गरि एक आपसमा कुटपिट हुँदा ४८ वर्षिय शिव कुमार सरदार, २८ वर्षिय अजय सरदार, मन्जय सरदार र लक्ष्मी सरदार घाइते भएका छन् । घाइते मध्ये शिव र अजय गम्भिर घाइते भएकाले दुबैलाई उपचारका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जानकारी दिएको छ । बाँकी दुई जनाको अवस्था सामान्य रहेकाले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै अर्का पक्षका ५० वर्षिय ललकु सदाको टाउकोमा चोट लागेकोले उनको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमै उपचार भइरहेको तथा कुटपिट घटनामा संलग्नहरुको खोजिकार्य भइरहेको प्रहरीले जनाएको छ ।

## मापसे गरेर विषादी सेवन गर्दा ...

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका २ रमपुरा घर भएका एक व्यक्तिले मादक पदार्थ सेवन गरि धान बालीमा प्रयोग गरिने बिषाधी समेत सेवन गरेका छन् ।

बिषादी सेवनबाट वडा नं. ३ मण्डल टोल बस्ने ४५ वर्षिय कामेश्वर मण्डल बिरामी परेको प्रहरीले जनाएको छ । नाम खुल्न नसकेको उक्त बिषादी सेवनबाट बिरामी परेका मण्डललाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएको छ ।

उनको अबस्था बोल्न सक्ने मध्यम रहेको प्रहरीले जनाउँदै आवश्यक अनुसन्धान कार्य भइरहेको इलाका प्रहरी कार्यालय सखडाले जनाएको छ ।

## फुटबलको विषयमा दुई पक्षबीच कुटाकुट, एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तरीको कञ्चनरुप नगरपालिका ६ घोघनपुरमा दुई पक्षाबीच फुटबल खेलको विषयलाई लिएर कुटाकुट हुँदा एक जना घाइते भएका छन् ।

स्थानीय ३० वर्षिय मो. सिराज, उनका भाई २२ वर्षिय मो. एराज र ३२ वर्षिय नहमद एराजहरुसंग फुटबल खेलको बिषयलाई लिएर स्थानीय १९ वर्षिय सनि कुमार चौधरी, १९ वर्षिय सुमित चौधरी, १६ वर्षिय अमन चौधरी र साउदित चौधरीबिच कुटपिट भएको प्रहरीले जनाएको छ ।

सो कुटाकुटमा मो. सिराजको टाउकोमा चोटलागी घाईते भएको र उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भईरहेको प्हरीले जनाएको छ ।

प्रहरीका अनुसार कुटपिट गर्ने व्यक्तिहरु फरार रहेको र खोजिकार्य भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

साक्षर समाज-सक्षम राष्ट्र ।

शिक्षाः

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### डिजिटल प्रविधीबाट टाढा राखौं

आधुनिक युगका बालबालिकाहरु जन्मदै डिजिटल प्रविधिप्रति बढी आकर्षित भएको देखिन्छन् । बुझ्ने उमेर भएपछि उनीहरु मोवाइल, टिभिमा बढी ध्यानकेन्द्रित हुने गरेका छन् । अहिलेका बालबालिकाहरु पढाई भन्दा बढी डिजिटलप्रेमी भएका छन् । सुरुमा अभिभावकहरुले बच्चालाई मोवाइल, टिभि हेर्न दिएर आफ्नो काम गर्न लाग्छन् । उनीहरु अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा एकहोरो भइरहेका हुन्छन् । जसकारण उनीहरुको यस्ता गतिविधीले पढाईमा समेत असर परिरहेको छ ।

यस्ता प्रवृतीले बालबालिकाहरु एकहोरो भइरहेका कुरालाई सबैले मनन् गर्नु जरुरी छ । यसका लागि विद्यालय पश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ । अभिभावकले घरमै पढाउन ध्यान दिननसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्नु स्वभाविकै हो ।

अभिभावकहरुले आफ्ना बालबालिकालाई पढाईमा बढी ध्यान केन्द्रित गराउनु सक्नु पर्छ । उनीहरुलाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन् । तसर्थ सक्दो आफ्नो कामबाट केही समय विश्राम लिएर पनि बालबालिकाहरुलाई समय दिनेतर्फ अग्रसर हुनु जरुरी छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# अटिजमलाई हेर्ने नजर कहिले होला परिवर्तन ?

**जुनु भट्टराई**
विराटनगर, ५ भदौ (रासस) ।

केही वर्षअघिको कुरा हो, मीरा चुडालको फोनमा घण्टी बज्यो । त्यो फोनको घण्टी आफन्तको छोराको जन्म दिनको भोजको निम्ताको लागि थियो । निम्ता सबै परिवारलाई नै थियो । मीराले समय मिलाएर आउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । जब कुराकानी टुङ्ग्याएर फोन राख्नुभयो, तब उहाँको मनमा कुराकानीकै क्रममा भएको एक वाक्यले चस्स घोच्यो । 'पालो गरेर आउनु नि !' आफन्तको कुरा गराई अनुसार पालो गर्नुपर्ने कारण थियो १२ वर्षीय छोरो सेजल ।

उनको १२ वर्षीय छोरा अटिजमको समस्यामा थिए । अटिजमकै कारण अन्य बच्चाभन्दा केही भिन्न व्यवहार र चकचके स्वभाव थियो । त्यस्तो स्वभाव भएकै कारण आफन्तले छोरोलाई घरमा राखेर पालो परेर आउनु भन्ने मनसाय राख्नु मीराको लागि त्यति सामान्य लागेन । उहाँलाई धेरैपटक सोच्न बाध्य गरायो ।

एउटा सामान्य जन्म दिनको भोजमा जान श्रीमान् श्रीमतीले किन पालो गरेर जानुपर्ने थियो र ? आखिर अभिभावक परिवार सबै सहभागी हुनेवाला नै थिए । उहाँको मनमा अनेकौ विचारका ज्वाराभाट चल्न थाले । "तपाई जानुस, आशिर्वाद दिएर आउनुस, म बाबु हेरेर बस्छु" मीराले श्रीमानलाई जन्म दिनको भोजमा जान अनुरोध गर्दै आफू नजाने निर्णय सुनाउनुभयो । केही समयअघि फोनमा हासीखुसी कुरा गरेकी श्रीमती एकाएक नजाने भनेपछि श्रीमानले कारण जान्न चाहनुभयो । उहाँले बेलिबिस्तार लगाउनुभयो पनि । उही बाक्य, 'पालो गरेर आउनु नि ।'

यति कुरा मीराको कानमा मात्र गुञ्जिरहेन, उहाँको मातृबात्सल्यता नराम्रोसँग खल्बलाइदियो । त्यसैले श्रीमानले सम्झाउँदा पनि उहाँ पार्टीमा सहभागी नहुने निर्णयमै अडिग रहनुभयो । "कसैले मेरा सन्तानलाई समस्या देख्छ भने त्यो समस्या हाम्रो होइन, उनीहरूको समस्या हो, त्यसैले मलाई त्यो पार्टीमा जान मन लागेन म गइन" मीराले भन्नुभयो, "बाबुलाई अटिजम छ भनेर हामीले स्वीकारिसकेका छौं र हामीलाई आफ्नो छोरालाई अरूसँग दाँजेर हेर्नु आवश्यक लाग्दैन,र उसलाई जे-जति सकिन्छ, सिकाउँदै जान्छौँ र अटिजम सम्बन्धमा बुझ्दै, बुझाउँदै पनि जानेछौँ ।" आफन्त छिमेकी भनेकै दुःखसुखमा काम लाग्नुपर्छ भन्ने उहाँको मान्यता हो । परिवार, छिमेकी, आफन्त, समाज आखिर केका लागि ? हुन त मीराका लागि घटना नौलो घटना भने थिएन । छोरो तीन वर्ष हुँदा उनलाई अटिजमको समस्या पत्ता लागिसकेको थियो ।

पेशाले स्टाफ नर्स, विराट नर्सिङ होममा स्टाफ नर्सको जिम्मेवारी सम्हाल्दै आउनुभएकी उहाँले छोराको हेरचाहको लागि जागिर त्याग गरेर बस्नुपर्‍यो । "त्यो मेरो लागि त्याग थिएन आवश्यकता थियो", उहाँ भन्नुहुन्छ, "आमाहरूले सन्तानको लागि गरेको हरेक सम्झौता आवश्यकता हुन्छ, त्याग हुँदो रहेनछ तर सबैका परिवार समाजले यो कुरा कहाँ बुझ्छन् र ?' यसबीचमा उहाँले अनेकौं विभेदपूर्ण व्यवहार महशुस गर्नुपरेको अनुभव छ उहाँलाई । "म एक पढे लेखेको महिलाले त समाजबाट त्यस्ता कति दुव्यबहार अदृश्यरूपमा भोग्नुपरेको छ भने अरुको अवस्था के होला ?" उहाँ प्रश्न गर्नुहुन्छ ।

अटिजम समस्या भएका बालबालिकाका अभिभावकले बच्चाको कारण समाजमा फरक व्यवहार भोग्नुपरेको गुनासो सुन्ने गरिन्छ । मीरा भन्नुहुन्छ, "सबैको घरमा कोही न कोही बिरामी या रोगी भएकै हुन्छन् । हामीलाई त सामान्य लाग्छ, अटिजम भएका हाम्रा छोराछोरीलाई हेर्ने नजर किन यस्तो ?"

विसं २०७० तिर उहाँले छोरालाई भर्खरै मन्टेश्वरीमा भर्ना गराउनु भएको थियो । केही महिना बित्दै जाँदा स्कुलबाट अचम्मका खबर आउन थाले । होमवर्क नगर्ने, पेन्सिल नसमात्ने, अरुसँग नखेल्ने, कक्षामा कहिलेकाहीँ अत्यन्त चुपचाप बस्ने । शिक्षकले अभिभावकलाई भने, "बाबु अरु बच्चाभन्दा फरक देखिन्छ ।" यो कुरा सुनेपछि मीराले छोरालाई काठमाडौँस्थित कान्ति बाल अस्पतालमा लैजानुभयो । विभिन्न परीक्षणपछि चिकित्सकले छोरालाई अटिजम स्पेक्ट्रम डिसअर्डर भएको बताएपछि उहाँ खङरङ्ग हुनुभयो । चिकित्सकको भनाइ स्पष्ट थियो अटिजमको कुनै निश्चित औषधि छैन तर समयमै थेरापी र सही व्यावहारिक अभ्यास सुरू गरिएमा बालबालिकाको क्षमता उल्लेख्य रूपमा सुधार हुन्छ ।

बालबालिकाको अवस्था सुधार गर्ने उद्देश्यले उहाँले 'अटिजम केयर नेपाल' काठमाडौँमा राखेर विशेष थेरापी कक्षामा पढाउन थाल्नुभयो । तर लामो समयसम्म काठमाडौँमा कोठा लिएर बस्नु आर्थिक रूपमा सम्भव थिएन । उहाँ भन्नुहुन्छ, "त्यो समयमा विराटनगरमा अटिजमबारे काम गर्ने कुनै संस्था थिएन, न विशेष शिक्षा दिने विद्यालय नै । हामीजस्ता अभिभावक अन्योलमा थियौँ आफ्ना बच्चालाई कहाँ लैजाने ?" जसोतसो झण्डै दुई वर्ष कटिजम केयर नेपाल काठमाडौँमा विशेष थेरापी कक्षामा राख्नुभयो ।

विराटनगर फर्केपछि बरगाछीस्थित प्रगतिमार्ग आदर्शटोलमा अटिजमका समस्या भएका बालबालिकालाई हेर्ने अटिजम केयर सोसाइटीमा राखेर पढाउन थाल्नुभएको छ । उहाँ आफू पनि सोही संस्थामा कार्यक्रम अफिसरको रूपमा कार्यरत हुनुहुन्छ । झण्डै एक दशकको अनुभवमा उहाँले बुझेको कुरा अभिभावकका तर्फबाट मुख्य सहयोग भनेकै अटिजमलाई स्वीकार्नु हो, त्यसपछि मात्र परिवारास-छरछिमेकले उनीहरूमाथि नराम्रो व्यवहार गर्ने हिम्मत गर्दैनन् ।

अटिजम भएका बालबालिकालाई धेरैभन्दा धेरै माया दिएर अपनत्व र सुरक्षित महसुस गराउनुपर्ने उहाँको भनाइ छ । उनीहरूका गल्ती र कमीकमजोरीलाई दण्डित गर्ने, रिसाउने, डर-त्रास भर्ने काम गरेमा उग्र व्यवहार झन् बढ्न सक्छ । उनीहरूलाई माया गर्दै जाँदा विस्तारै धेरै कुरा बुझाउन सकिन्छर । बुझाइलाई बढाउँदै लैजाने तरिका पनि यही होर । घरपरिवारले अटिजममैत्री व्यवहार गर्न र सहजै सिक्ने वातावरण बनाउन सके उनीहरूको जीवनलाई सरल र सामान्य बनाउन सकिने भएकाले उहाँ यसपतर्फ सधैँ सचेत भएको बताउनुहुन्छ ।

**अभिभावककै पहलमा अटिजम केयर सोसाइटी स्थापना**

अटिजम भएका बालबालिकाको उपचार र हेरचाहका लागि विराटनगरमा अभिभावककै पहलमा २०७५ सालमा नेपाल अटिजम केयर सोसाइटी स्थापना भएको छ । यस संस्थाबाट हाल १४ जना अटिजम भएका बालबालिकाले नियमित सेवा लिइरहेका छन् । २०७० सालतिर आफ्ना बच्चामा अटिजमका लक्षण देखिएर काठमाडौँमा उपचार गराउन बाध्य भएका अभिभावकले स्थानीयस्तरमा सुविधा नहुँदा संस्था खोल्ने निर्णय गरेका थिए । सुरूमा करिब १०-१२ जना अभिभावकले अटिजम केयर नेपाल, काठमाडौँबाट तालिम लिएर सोसाइटी स्थापना गरेका थिए ।

हाल यस सोसाइटीमा ३० भन्दा बढी सदस्य छन् । केही बालबालिकाले यहाँको थेरापीबाट सुधार भई सामान्य विद्यालयमा भर्ना पनि भएका छन् । सोसाइटीमा मन्टेश्वरी तालिम प्राप्त शिक्षिका र नर्समार्फत सञ्चार सीप, सामाजिक विकास र व्यावहारिक तालिम दिने गरिन्छ । सोसाइटीका अध्यक्ष बास्तोला भन्न्नुहुन्छ, "अटिजमबारे अझै समाजमा ज्ञानको कमी छ । धेरै अभिभावकले बच्चाको समस्या स्वीकार गर्न हिचकिचाउँछन् तर समयमै थेरापी सुरू गरे सुधारको सम्भावना धेरै हुन्छ ।" उहाँका अनुसार सोसाइटीले अभिभावकलाई निःशुल्क परामर्श सेवा पनि दिँदै आएको छ । अटिजमका कारण बालबालिकामा स्पष्ट रूपमा सञ्चार र सामाजिक कठिनाइ देखिने भएकाले प्रारम्भिक उमेरमै थेरापी अपरिहार्य हुने बास्तोलाले बताउनुभयो ।

प्रदेश सरकारले सस्थाका बच्चाका लागि आइपर्ने प्राथमिक स्वास्थ्य उपचारका लागि आवश्यक प्राथमिक उपचारका लागि रु एक लाख सहयोग गर्दै आएको छ, त्यसले पनि संस्थालाई काम गर्न प्रेरणा र हौसला मिल्दै आएको छ । अहिलेसम्म पनि धेरै अभिभावकलाई अटिजम के हो थाहा नभएको बताउँछन् । धेरै अभिभावक आफ्ना बच्चामा अटिजमको लक्षण देखिए पनि उनीहरू स्वीकार गर्न हिचकिचाउने गरेको उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "यसको मुख्य कारण भनेको ज्ञानको कमी हो । अटिजम भएका बालबालिकालाई जति चाँडो विशेष थेरापीमा सहभागी गराइन्छ, व्यवहार परिवर्तनको सम्भावना त्यति नै छिटो हुन्छ ।" अटिजमसँग लड्नु केवल बालबालिकाको मात्र होइन, परिवारकै सङ्घर्ष भएकाले सोसाइटीले निकट भविष्यमा विशेष विद्यालय स्थापना गर्ने र जिल्लामा जनचेतना कार्यक्रम विस्तार गर्ने

***बाँकी तीन पृष्ठमा***


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०४/२८

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमावन्दी श्रेस्ता बमोजिम रैती नं. ५ दिनेश झाको नाममा कायम रहेका साविक प्रगन्ना पकरिया मौजे मौआहा सा.कि.नं. ९७३ को ज.वि. ०-७-१२ मध्ये ०-२-२.५, सा.कि.नं. ९६९ को ज.वि. ०-४-७ मध्ये ०-१-५, सा.कि.नं. ६१४ को ज.वि. २-१४-१४ मध्ये ०-१३-९ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मौवाहा वडा नं.१ हाल बलान बिहुल गा.पा. वडा नं. ३ बस्ने गणेश झाको नाती/बुहारी राजेन्द्र झाको पत्नी शुसिला देवी झा-१, नागेन्द्र झाको बुहारी दयानन्द झाको पत्नी नुतन देवी झा-१ समेत २ को यस कार्यालयमा द.नं. २११२४ मिति २०८१/०२/०२ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०४/२८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९७३<br>९६९<br>६१४ | दिनेश झा | मौवाहा | १<br>२<br>७ | ६<br>४५<br>६१ | ०-२-२.५<br>०-१-५<br>०-१३-९ | सुशिला देवी झा<br>नुतन देवी झा | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा पं मौवाहा वार्ड नं.१ बस्ने नागेन्द्र झाको नम्बरी हो, कि.नं. ६१ को जोताहा महलमा बोन मंडल धानुक जनिएको। |

सुरेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत

# नेपालमा पहिलोपटक महिला प्रहरी सम्मेलन सुरू

काठमाडौँ, ५ भदौ (रासस)।

नेपालमा पहिलोपटक महिला प्रहरी सम्मेलन सुरू भएको छ। बिहीबारदेखि सुरू भएको सम्मेलन शुक्रबारसम्म सञ्चालन हुनेछ। सम्मेलनमा विभिन्न क्षेत्रगत रूपमा प्रतिनिधित्व हुने गरी दुई सय महिला प्रहरी सहभागी भएका छन्।

गृहमन्त्री रमेश लेखकले बिहीबार यहाँ सम्मेलन उद्घाटन गर्दै यो सरकारका लागि मार्गदर्शक हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले पुरुषभन्दा महिला सक्षम छन् भन्ने उदाहरण प्रस्तुत हुँदै आएको बताउँदै महिला प्रहरीले प्राप्त जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गरिरहेका उल्लेख गर्नुभयो।

गृहमन्त्री लेखक नेपाल प्रहरीले महिलालाई माथिल्लो तहमा पुग्नका लागि प्रेरणा दिँदै आएको बताउँदै पछिल्लो समय महिला हरेक क्षेत्रमा सक्षम रहेका धारणा राख्नुभयो। विसं २०६३/६३ को आन्दोलनपछि गणतान्त्रिक व्यवस्था र समावेशी निर्माण गर्ने चरित्रका विशेषताका कारण प्रहरीमा १२ प्रतिशत महिलाको सहभागिता भएको उहाँले जानकारी दिनुभयो।

समावेशी चरित्रको राज्य निर्माण गर्ने विशेषताले नागरिकलाई संविधानमा नै उल्लेख गरी धेरै अधिकार दिएको यसले पुष्टि हुने उहाँले बताउनुभयो। उहाँले आजका दिनमा नेपाल प्रहरीमा २० प्रतिशत आरक्षणको व्यवस्था गरिएकाले महिलाको सहभागिता बढ्दै गएको बताउनुभयो।

गृहमन्त्री लेखकले भन्नुभयो, "अब आरक्षणमा २० प्रतिशत होइन, महिला प्रहरीको उपस्थिति २० प्रतिशत पुऱ्याउनुपर्छ, त्यसमा हामी प्रतिबद्ध छौँ, तपाईंहरू अघि बढ्नुस् मन्त्रालयको तर्फबाट पूर्णसहयोग रहन्छ।" उहाँले महिलाको आरक्षण मात्रै ३३ प्रतिशत हुनुपर्नेमा जोड दिँदै यसलाई क्रमशः बढाउँदै लगिने धारणा राख्नुभयो।

पछिल्लो समय बलात्कार, यौनजन्य हिंसाका घटना बढिरहेका भन्दै त्यसमा महिला र बालबालिका बढी पीडित भएरहेका उहाँले जानकारी दिनुभयो। गृहमन्त्री लेखकले तीन 'स' समानताको व्यवहार, सशक्तिकरण र सम्भावनाको अवसरमा महिलालाई समाहित गर्नुपर्नेमा जोड दिनुभयो।

सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लले न्यायको पहिलो ढोका प्रहरी भएको बताउँदै महिला हरेक क्षेत्रमा काम गर्न सक्षम रहेका महिला प्रहरीले उदाहरण प्रस्तुत गरिरहेका धारणा राख्नुभयो। विगतमा महिलाले केही गर्न सक्दैनन् भन्ने अनुमान निराधार ठहर भइसकेको उहाँले बताउनुभयो। उहाँले अब भिभिआइपी र भिआइपीको सुरक्षामा महिलाले पनि सुरक्षा दिन सक्छन् भन्दै उदाहरण बनिदिन प्रहरी नेतृत्वलाई अनुरोध गर्नुभयो। उहाँले प्रहरीमा शून्यबाट १२ दशमलव ४१ प्रतिशत महिला सहभागी हुनु गर्वको विषय भएको बताउनुभयो।

महान्यायाधिवक्ता रमेश बडालले यो सम्मेलनले जे पारित गर्छ, राज्यलाई त्यसले महत्त्वपूर्ण सुझाव दिने विश्वास व्यक्त गर्नुभयो। संवैधानिक निकायमा महिला न्यायाधीशका लागि प्रसूति बिदा थिएन अहिले त्यो व्यवस्था गरिएको जानकारी दिँदै उहाँले कानुन विहिनताका कारणले पनि विभेद भएको अवस्थामा विस्तारै सुधार हुँदै गएको बताउनुभयो।

अझै विभेद् भए यो सम्मेलनले औँल्याइदिए सुधार गरिने बडालले बताउनुभयो। "व्यवहारको सन्दर्भमा कानुन कार्यान्वयन हुने अवस्था नभएकाले कसरी गाँठो फुकाउने भनेर सुझाव आओस्", उहाँले भन्नुभयो। महिला आयोगकी अध्यक्ष कमला पराजुलीले महिला प्रहरीमा आउनका लागि प्रेरणा दिने किसिमका कानुन तथा नीति निर्माण गर्न सरोकार भएका निकायलाई आग्रह गर्नुभयो।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले महिला, बालबालिका तथा जेष्ठ नागरिकविरुद्धका हिंसा वृद्धि भइरहेका उल्लेख गर्दै हिंसा अन्त्यका लागि समन्वय र सहकार्य गर्न मन्त्रालय तयार रहेको बताउनुभयो।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीले देशभरका महिला प्रहरी कर्मचारीहरू दर्जा, क्षेत्रगत र जिम्मेवारीगत रूपमा सम्मेलनमा सहभागी भएका जानकारी दिनुभयो। उहाँले सम्मेलनलाई समावेशीगत बनाउने प्रयास गरिएको उल्लेख गर्नुभयो।

सम्मेलनमा विभिन्न १० वटा कार्यपत्रमाथि छलफल हुने तथा प्यानल छलफल गरी काठमाडौँ घोषणापत्र जारी गरिने छ। साथै महिला प्रहरीको भूमिका, स्वास्थ्य, वित्तीय साक्षरता, साइबर सुरक्षा कर्तव्य निर्वाहलगायत विषयका कार्यपत्र प्रस्तुत हुनेछन्।

महिला प्रहरीको भूमिका, लैङ्गिकमैत्री वातावरण र कार्यस्थल, सेवा प्रवाहलाई प्रभावकारी बनाउने र क्षमता अभिवृद्धि, अवसर तथा चुनौतीका विषयमा छलफल हुने प्रहरी अतिरिक्त महानिरीक्षक अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार सम्मेलनमा समाजमा 'रोलमोडल'का रूपमा अग्रणी भूमिकामा रहेका व्यक्ति र प्रहरीमा नेतृत्व तहमा पुगेर सेवा निवृत्त भएका, पहिले महिला कर्मचारीको हैसियतमा रहेका र विभिन्न विधामा रहेर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा रहेर सेवा गरेकाहरूको अनुभव आदानप्रदान हुनेछ।

सम्मेलनपछि जारी हुने घोषणापत्र संविधान र कानुन तथा तालुक गृह मन्त्रालयको नीति, कार्ययोजना, प्रहरीको कार्ययोजना तथा लैङ्गिक नीतिमा आधारित हुने पनि अधिकारीले बताउनुभयो। हाल नेपाल प्रहरीमा १२ दशमलव ४१ प्रतिशत महिला छन्।

## अटिजमलाई ...

योजनासमेत रहेको उहाँले सुनाउनुभयो।

**अटिजम रोग होइन, समस्या हो**

अटिजम कुनै रोग नभएर यो जन्मजात हुने एक विशेष खालको विकासात्मक अपाङ्गता भएको चिकित्सकको भनाइ छ। नवजात शिशु तथा बालरोग विशेषज्ञ डा सुमित घिमिरेका अनुसार बच्चा आमाको गर्भमा विकास हुने क्रममा हुने जेनेटिक परिवर्तन वा बाहिरी कारकको असरले मस्तिष्कको स्नायु विकासमा गडबडी आउँछ, यसका कारण सामाजिक सीप, सञ्चार क्षमता र व्यावहारिक अनुकूलतामा समस्या देखिन्छ।

अटिजम भएका बच्चामा प्रायःघुलमिल हुन गाह्रो हुने, एउटै काम दोहोऱ्याइराख्ने, सीमित रुचिमा मात्र केन्द्रित हुने र स्पष्ट रूपमा कुरा गर्न कठिनाइ हुने लक्षण देखिन्छन। "अटिजमका लक्षण प्रायः जन्मिएको तीन वर्षमै प्रष्ट चिनिन थाल्छ," डा घिमिरे भन्नुहुन्छ। डा घिमिरेका अनुसार अटिजमबाट प्रभावितमध्ये एक तिहाइदेखि आधा बच्चाले शब्द स्पष्ट उच्चारण गर्न सक्दैनन्, जसका कारण दैनिक जीवनका गतिविधि र सामाजिक सम्बन्धमा नकारात्मक असर पर्छ। कतिपय अवस्थामा ती बच्चाले आफैले भनेको शब्द दोहोऱ्याउने, औँलाले देखाएको वस्तु नहेर्ने, हात ओल्टाउने, टाउको घुमाउने वा ठोक्नेजस्ता क्रियाकलाप देखाउँछन्।

अटिजमलाई सामान्यतया अटिजम 'स्पेक्ट्रम डिसअर्डर' पनि भनिन्छ, जसमा लक्षण व्यक्तिपिच्छे फरक-फरक देखिन सक्छ। कोही बच्चा अत्यधिक सक्रिय हुन्छन् भने कोही अति निष्क्रिय। तर दुवै अवस्थामा पनि सामाजिक अन्तरक्रिया, सञ्चार सीप र कल्पनाशक्ति विकासमा अवरोध देखिन्छ।

हालसम्म अटिजमको पूर्णउपचार पत्ता लागेको छैन तर विशेष शिक्षा, व्यावहारिक तालिम र अभिभावकको सक्रिय भूमिकाले धेरै सुधार ल्याउन सकिने डा घिमिरेको धारणा छ। "उपचारको मुख्य उद्देश्य अटिजम भएका व्यक्तिलाई आफ्नो हेरचाह आफैँ गर्ने, सामाजिक बन्ने, व्यावसायिक सीप सिक्ने र जीवनस्तर उकासेर आत्मनिर्भर बनाउनु हो," उहाँले भन्नुभयो। अटिजमलाई रोग ठानेर लुकाउनु हुँदैन, समयमै पहिचान गरी उपचार र तालिम सुरू गर्नु नै सबैभन्दा प्रभावकारी उपाय भएको उहाँको ठम्याइ छ।


नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय ससरी,राजविराज

मिति :-२०८२/०५/०४

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. ३७ कारी गोपको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे बरही नानकरकट्टी सा.कि.न. २१२९ को ज.वि. ०-८-१३, ऐ.ऐ. सा.कि.न. २१३० को ज.वि. ०-१-१०, ऐ.ऐ. सा.कि.नं. १९५९ को ज.वि. ०-८-४ मध्ये ०-३-४.५ र रैती न. ५४ सिताराम गोपको नाममा कायम रहेका ऐ.ऐ. सा.कि.न. २१०३ को ज.वि. ०-५-७ मध्ये ०-४-१०, ऐ.ऐ. सा.कि.नं. २१०४ को ज.वि. ०-०-१८ मिति २०२७/१०/२८ मा ऋणी कारी यादवबाट धनी देव नारायण यादवले खरिद गरी र.नं.२०२२ मिति २०३२/१२/१९ मा पारित गराई २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.बि.स श्रीपुर जबदी वडा नं.७ हाल कोशी गा.पा. वडा नं. ५ बस्ने परमेश्वर यादवको बुहारी देव नारायण यादवको पत्नी बुलन्ती देवी यादवको यस कार्यालयमा द.नं. २७४७६ मिति २०८२/०१/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०५/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २१२९<br>२१३०<br>१९५९<br>२१०३<br>२१०४ | कारी गोप<br>कारी गोप<br>कारी गोप<br>सिताराम गोप<br>सिताराम गोप | बरहि बिरपुर | ५क<br>५क<br>५क | ४१०<br>२४२/८००<br>३७४ | ०-९-१८<br>०-१-१८<br>०-५-६ | बुलन्ती देवी यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा बादी देव नारायण र प्रतिवादी कारी यादवको अदालतमा झगडा जनिएको। |

प्रमुख मालपोत अधिकृत


# विश्व समाचार

## जयशंकरद्वारा रूसी कम्पनीहरूलाई भारतसँग 'अझ गहन' संलग्न हुन आग्रह

मस्को, ५ भदौ (रासस/एएनआई)।

अमेरिकाले भारतमा ५० प्रतिशत कर लगाएको परिस्थितिमा भारतीय विदेशमन्त्री एस जयशङ्करले रूसी कम्पनीहरूलाई आफ्ना भारतीय साझेदारहरूसँग अझ गहन रूपमा संलग्न हुन आग्रह गर्दै भारत-रुस व्यापार विस्तारमा जोड दिनुभएको छ।

भारतको द्रुत गतिमा बढिरहेको अर्थतन्त्र र 'मेक इन इन्डिया' जस्ता पहलहरूले विदेशी व्यवसायका लागि नयाँ अवसरहरू खोलेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "भारतको ४० खर्ब अमेरिकी डलरको कुल ग्राहस्थ्य (जिडिपी) छ र निकट भविष्यका लागि ७ प्रतिशतको वृद्धि दर रहेको छ। यसलाई भरपर्दो स्रोतहरूबाट ठूला आपूर्तिको स्पष्ट आवश्यकता छ। केही अवस्थामा, यो आवश्यक उत्पादन, मल, रसायन वा मेसिनरीको सुनिश्चित आपूर्ति हुनसक्छ। भारतको द्रुत गतिमा विस्तार भइरहेको पूर्वाधारले पनि आफ्नो अनुभव भएका उद्यमका लागि व्यापारको ठूलो अवसर प्रदान गर्छ।"

उहाँले भन्नुभयो, "'मेक इन इन्डिया' र यस्तै अन्य पहलहरूले विदेशी व्यवसायका लागि नयाँ ढोका खोलेका छन्। भारतको आधुनिकीकरण र सहरीकरणले उपभोग र जीवनशैलीमा आएको परिवर्तनबाट आफ्नै माग सिर्जना गरेको छ। यी सबै आयामले रूसी कम्पनीहरूलाई अझ गहन संलग्न हुन निमन्त्रणा दिन्छ। हाम्रो प्रयास उनीहरूलाई त्यो अवसरमा सहभागी हुन प्रोत्साहित गर्नु हो।"

भारत र रुसले लामो समयदेखि प्रमुख राष्ट्रबीचको स्थिर सम्बन्धलाई मजबुत पारेको स्मरण गर्दै उहाँले भन्नुभयो, "तर त्यो स्वचालित रूपमा आर्थिक सहकार्यमा परिणत भएको छैन। हाम्रो व्यापार संरचना सीमित छ र हालसम्म व्यापारको मात्रा पनि सानो थियो। पछिल्ला वर्षहरूमा यो बढे पनि व्यापार घाटा त्यत्तिकै बढेको छ। त्यसैले व्यापार विविधीकरण र सन्तुलन अहिले तत्काल आवश्यक छ। उच्च व्यापार लक्ष्यमा पुग्न मात्रै होइन, हालको स्तर कायम राख्न पनि यसमा कडा प्रयास आवश्यक छ।"

विदेशमन्त्री जयशङ्करले विकासलाई बढावा दिन र गति दिन गहिरो सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले थप लगानी, संयुक्त उद्यम र सहयोगका नयाँ रूपहरूमा विचार गर्न भारत तयार रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "भारत र रुस दुवै पक्षले विकासका लागि धेरै गर्न सक्छन्। हाम्रो उद्देश्य आर्थिक गतिविधि बढाउन अनुकूल वातावरण सिर्जना गर्नु हो। व्यापार बाहेक लगानी, संयुक्त उद्यम र अन्य सहकार्यका रूपहरूबारे सोच्ने इच्छा बढ्दै गएको छ। यसलाई अघि बढाउन उपप्रधानमन्त्री मान्टुरोभ र म यहाँ उपस्थित छौँ। हाम्रो स्पष्ट सन्देश हो - स्थायी रणनीतिक साझेदारीमा बलियो र दिगो आर्थिक पक्ष हुनैपर्छ।"

भारत-युरेसियन आर्थिक सङ्घबीचको स्वतन्त्र व्यापार सम्झौताबारे पनि जयशङ्करले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आज हामीले भारत-युरेसियन आर्थिक सङ्घ एफटिएका लागि सन्दर्भका सर्तहरू पुरा गरेका छौँ। यसको निष्कर्षले निश्चित रूपमा फरक पार्नेछ। हामीले माग पहिले नै स्थापित भएका क्षेत्रमा संयुक्त उद्यमलाई प्रोत्साहित गर्नेबारे छलफल गर्‍यौं। महत्त्वपूर्ण लगानी स्तरका केही पहलबारे पनि कुरा भयो। हाम्रो कौशल र गतिशीलता सम्बन्धी प्रयास सुरु भइसकेका छन्। कनेक्टिभिटी सुधार गर्ने चाहना पनि विभिन्न विकल्पमार्फत व्यक्त भएको छ।" उहाँले भन्नुभयो, "सबैभन्दा जरुरी कुरा भनेको व्यवसायहरूले आत्मविश्वासका साथ अगाडि बढ्नुपर्छ। त्यति मात्र होइन, सरकारले गर्ने छलफल र व्यवसायहरूले बनाउने योजनाबीच घनिष्ठ सहकार्य सुनिश्चित हुनुपर्छ।"

अमेरिकाले हाल भारतीय सामानमा २५ प्रतिशत एड भ्यालोरम शुल्क लगाइसकेको छ। यसका साथै, अगस्ट २७ देखि थप २५ प्रतिशत अतिरिक्त शुल्क लागु हुने घोषणा भएको छ। यही पृष्ठभूमिमा जयशङ्करले रुससँगको व्यापार बढाउन सकारात्मक पहल गर्नुभएको हो।

## भारतीय सम्पदा पुनःस्थापनाकर्ताहरूले राजधानीको इतिहास जोड्दै

नयाँदिल्ली, ५ भदौ (रासस/एएफपी)।

भारतको राजधानीस्थित जलवायु-नियन्त्रित कोठामा पुनःस्थापनाकर्ताहरूले नयाँदिल्लीको अतीतलाई बुझ्न अनमोल भ्याल प्रदान गर्ने दुर्लभ ऐतिहासिक कागजात र कलाकृतिहरू सावधानीपूर्वक मिलाउँदै छन्। इन्दिरा गान्धी नेसनल सेन्टर फर द आर्ट्स (आइजिएनसिए)का विज्ञहरूले बिग्रिएका नक्सा र पुराना तस्वीरहरूलाई पुनर्जीवित गर्दैछन्। यी सामग्रीहरूले हाल तीन करोडभन्दा बढी मानिस बसोबास गर्ने विशाल महानगरको विकासक्रमलाई बुझ्न सहयोग गर्छ। यस कार्यले हजारौँ वर्षदेखि बसोबास र परिवर्तनका लहरहरू पार गर्दै आएको बहु-धार्मिक तथा बहु-सांस्कृतिक सहरको थप गहिरो समझ बनाउन मद्दत गरेको छ। "हामीले स्मृति जोगाइरहेका छौँ", आइजिएनसिएको संरक्षण प्रयोगशालाका प्रमुख अचल पाण्ड्याले भन्नुभयो, "जुन देशसँग स्मृति हुँदैन, त्यो देश केही हुँदैन।"

सबैभन्दा बहुमूल्य पुनःस्थापित सामग्रीहरूमा विल्सन सर्वेक्षण नक्सा पनि पर्छन्। यी नक्सा सन् १९१० देखि १९१२ को बीचमा एक ब्रिटिश औपनिवेशिक अधिकारीले तयार पारेका करिब दुई सय ५० कागजातहरूको सङ्ग्रह हुन्। यी नक्सा १७औं शताब्दीमा मुगल सम्राट शाहजहाँले शाहजहाँनाबादका रूपमा राजधानी स्थापना गरेको पुरानो दिल्लीमा केन्द्रित छन्। नक्सामा त्यतिबेला को कहाँ बस्थे भन्ने विवरण सावधानीपूर्वक अङ्कित गरिएको छ।

"तपाईले केवल नक्सा मात्र हेर्नुहुन्न, यहाँका मानिसहरूको जीवन र इतिहास पनि बुझ्न सक्नुहुन्छ", नयाँदिल्ली नगर परिषद्को सम्पदा पुनःस्थापन टोलीका सदस्य सञ्जीव कुमार सिंहले भन्नुभयो। लामो समयको उपेक्षाले यी नाजुक कागजातहरूलाई अझै कमजोर बनाएको छ। राजधानीको कठोर मौसम–गर्मीको तीव्र तापक्रम, आर्द्र मनसुन र जाडोको चिसो–सहित विश्वकै खराब वायु प्रदुषणले तिनलाई थप बिगारेको छ। यदि सन् २०२२ मा संरक्षण कार्य सुरु भएको थिएन भने यी कागजातहरू अहिले टुक्रिन्थे भन्ने पुनःस्थापनाकर्ताहरूको भनाइ छ। "यसको महत्त्व मर्ने व्यक्तिलाई अक्सिजन चाहिने जत्तिकै हो", सिंहले भन्नुभयो।

# देवकोटाको निधनले अपूर्णिय क्षती : काँग्रेस



**दैनिक समाचारदाता राजविराज, ५ भदौ ।**

एक साता अघि निधन भएका राजविराज ७ निवासी नेपाली काँग्रेसका पुराना एवं निष्ठावान नेता सुरेश प्रसाद देवकोटाको परिवारजनलाई भेटेर नेपाली काँग्रेस सप्तरीको टोलीले समवेदना प्रकट गरेको छ ।

विहीवार नेपाली काँग्रेस सप्तरीका उपसभापती रामकुमार यादव र सचिव सनत मण्डलको अगुवाईमा पुगेको टोलीले परिवारजनलाई भेटेर स्व. देवकोटाप्रति श्रद्धाञ्जली तथा परिवारजनप्रति दुःख सहने शक्ती प्राप्त होस भन्ने कामना सहितको प्रेम गरिएको समवेदना पत्र बुझाएका हुन ।

केही समय यता विरामी रहदै आएका ७८ वर्षिय देवकोटाको साउन २४ गते उपचार कै क्रममा निधन भएको थियो । स्व. देवकोटाको श्रीमती सुधा, छोरा देवेन्द्र, शैलेन्द्र र छोरी मौसम रहेका छन ।

नेपाली काँग्रेसका क्रियाशिल सदस्य एवं प्रजातान्त्रिक आन्दोलनका अगुवा देवकोटाको निधनले पार्टीलाई अपूर्णिय क्षती पुगेको नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साहले बताए ।

समाजसेवा क्षेत्रमा समेत क्रियाशिल देवकोटाको निधनले एउटा अभिभावक गुमाएको महशुस भएको राजविराज नगरपालिका वडा ७ का सदस्य रामानन्द देवले बताए ।

# भारोत्तोलन खेललाई माथी उकास्ने प्रयास गर्छु : अध्यक्ष चौधरी



**दैनिक समाचारदाता राजविराज, ५ भदौ ।**

नेपाल भारोत्तोलन संघका नवनिर्वाचित अध्यक्ष कानन चौधरीले आफ्नो कार्यकालमा इमान्दार प्रयास र नेतृत्वसहित भारोत्तोलन खेललाई माथी उकास्ने प्रयास गर्ने बताएका छन ।

जिल्ला खेलकुद विकास समिती सप्तरीले विहीवार उनको सम्मानका आयोजना गरेको बधाइ तथा शुभकामना कार्यक्रममा उनले यस्तो बताएका हुन ।

निर्विरोध चयन भएर अध्यक्ष पदको जिम्मेवारी सम्हालेका अध्यक्ष चौधरीले आफ्नो चार वर्ष कार्यकालमा भारोत्तोलन खेलको प्रतियोगिताहरुको बढी भन्दा बढी आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे । संघको विधानलाई समयानुकुल परिवर्तन गरि पुर्णता, केन्द्रीय कार्यालयको आफ्नै भवन तथा भौतिक संरचनाहरुको निर्माण कार्यलाई गति प्रदान गर्ने आफ्नो लक्ष्य रहेको उनले बताए ।

भारोत्तोलनका पुराना खेलाडी तथा राष्ट्रियस्तरका प्रतियोगितामा कैयौं पटक स्वर्ण पदक समेत जितिसकेका ५८ वर्षिय चौधरीले बढी समय दिएर भएपनि लक्ष्य पुरा गर्ने तर्फ अघि बढ्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा जिल्ला खेलकुद विकास समिती सप्तरीका कार्यालय प्रमुख दिनेश भुजेल, प्रशिक्षक उमेश गुरुङ, भारोत्तोलन संघ सप्तरीका अध्यक्ष पुन्तीलाल यादव, सीताराम चौधरी, नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी लगायतले नवनिर्वाचित अध्यक्ष चौधरीको सफल कार्यकालको शुभकामना दिदै उनको कार्यकालमा भारोत्तोलन खेलले नयाँ उचाइ प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

# मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन हस्तान्तरणको तयारी

बागमती, ५ भदौ (रासस) ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन नेपाल आयल निगमलाई हस्तान्तरणको तयारी अन्तिम चरणमा पुगेको छ । पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएर अहिले सोही पाइप लाइनबाट मोतिहारीदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पदार्थको आयात भइरहेको छ ।

"पाइप लाइनबाट नियमित रूपमा पेट्रोलियम पदार्थ आयात भइरहेको छ", नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले भन्नुभयो, "पाइन लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण काम पनि भइरहेको छ, त्यसका लागि भारतीय आयल निगमको प्राविधिक टोली फिल्डमै खटिरहेका छन् ।"

पाइप लाइनमा कुनै समस्या देखिएको खण्डमा तत्कालै मर्मत सम्भार भइरहेको छ, परीक्षणको कामसमेत सकिएकाले छिट्टै पाइप लाइन हस्तान्तरण गर्ने तयारी भइरहेको उहाँको भनाइ छ । दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी हस्तान्तरण गर्ने विषयमा दुवै पक्षबीच छलफल भइरहेको प्रमुख आचार्यले बताउनुभयो । यस्तै बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अघि बढाइने भएको छ ।

अमलेखगञ्जबाट लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेकाले अबको केही दिनभित्रै पाइप लाइन निर्माणको कामले तिव्रता लिने नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख आचार्यले बताउनुभयो ।

"डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेर पाइप लाइनको काम अघि बढाउन चितवनमा कार्यालयसमेत स्थापना भइसकेको छ", प्रमुख आचार्यले भन्नुभयो, "अबको केही दिनभित्रै माटो सम्याउने कार्य पनि सुरू हुन्छ ।" सुरू भएको तीन वर्षभित्र काम सकिने लक्ष्य रहेको उहाँको भनाइ छ ।

भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइप लाइनको काम सकिएर पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात सुरू भएपछि अमलेखगञ्जबाट लोथरसम्म पाइप लाइनको काम सुरू गर्न लागिएको हो ।

चितवनको लोथरमा कुल २३ बिघा १२ कठ्ठा जग्गामा ग्रिनफिल्डसहितको एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नसक्ने टनेल निर्माण गरिने प्रमुख आचार्यले बताउनुभयो । नेपाल-भारतबीच 'जिटुजी' सम्झौता मार्फत निर्माण हुन लागेको अमलेखगञ्ज-लोथर पाइप लाइन विस्तारको काम भारतीय आयल निगमले गर्नेछ ।

यसैबीच अमलेखगञ्जस्थित आयल निगमको पेट्रोलियम पदार्थ लोडिङ गर्ने बईमा समस्या देखिएपछि भारतीय प्राविधिक टोलीले मर्मत गर्ने भएको छ ।

### धान गोड्ने ...

उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याइएकोमा अस्पतालले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

मृतक पवनदेवी विगत समय देखि प्रेशर सम्बन्धि विरामी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# 'मधेशमा देखिएको सुख्खा समस्यालाई हल गर्न काम सुरूआत भइसकेको छ'

काठमाडौं, ५ भदौ (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इन्जिनियर मित्र बरालले मधेस प्रदेशको विद्युत् र सिँचाइ सेवा अवस्थाका बारेमा जनकपुरमा जानकारी लिनुभएको छ ।

नेपाल विद्युत् प्राधिकरण, प्रादेशिक कार्यालय जनकपुरधाममा बिहीबार आयोजित कार्यक्रममा उहाँहरूले मधेस प्रदेशको विद्युत् र सिँचाइ क्षेत्रमा तत्काल थप सुधारमा लाग्न पनि कर्मचारीलाई निर्देश गर्नुभयो ।

सो अवसरमा मन्त्री खड्काले मधेश प्रदेशमा विद्युत् चुहावट अन्य प्रदेशका तुलनामा उच्च रहेको हुँदा यसलाई तत्काल समाधान गर्नुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो," यस प्रदेशमा विभिन्न स्थानमा अझै पनि पटक-पटक बिजुली कटौती हुने जनगुनासो छ । २४ घण्टा विद्युत् आपूर्ति सुनिश्चितता गरिनुपर्छ । विद्युत् र सिँचाइ क्षेत्रमा सुधार आवश्यक छ । यो कामलाई प्रोत्साहित गर्दै, जनताको जीवनस्तर उकास्न हामी प्रतिबद्ध छौं ।"

सो अवसरमा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इन्जिनियर बरालले तराईमा पछिल्लो समय देखिएको सुख्खा समस्यालाई सम्बोधन गर्न सकिने हुँदा यसमा विभागले उच्च प्राथमिकता साथ ध्यान दिएको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिका सदस्य श्यामकिशोर यादव, विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मनोज यादवलगायतको उपस्थिति रहेको थियो ।

# सिरहामा भन्सार छलीका सामानसहित गाडी नियन्त्रण

सिरहा, ५ भदौ (रासस) ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर ७ गण सिरहा अन्तर्गतको गस्ती टोलीले भन्सार छलीका सामानसहित बोलेरो गाडी नियन्त्रणमा लिएको छ ।

बुधबार राति करिब साढे ९ बजे मिर्चैया नगरपालिका-९ घुर्मी पुलस्थित पूर्व-पश्चिम राजमार्गमा जाँच गर्ने क्रममा सशस्त्र बेश क्याम्प मिर्चैयास्थित सशस्त्र प्रहरी निरीक्षक अनिल खड्काको कमाण्डमा खटिएको गस्ती टोलीले स १ च १०४८ नम्बरको सिंगल क्याप बोलेरो गाडी नियन्त्रणमा लिएको हो ।

गाडीमा बिलबिजक नभएको चिनी ४० बोरा, कविर सुर्ती २० बोरा र केराउ पाँच बोरासमेत गरी करिब रु तीन लाख २३ हजार मूल्य बराबरको सामान फेला परेको सशस्त्र प्रहरी नम्बर ७ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार सो बोलेरो गाडीको मूल्य रु नौ लाख ५० हजार रहेको र सामानसहित जम्मा रु १२ लाख ७३ हजार बराबर रहेको छ ।

साथै गाडी चालक उदयपुरको कटारी नगरपालिका-१३ मयाडखु बस्ने २१ वर्षीय सागर खत्रीलाई समेत नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले जानकारी दिनुभयो । नियन्त्रणमा लिइएको सामान तथा गाडी भन्सार कार्यालय बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।






**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*